नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An Undertaking of Government of Nepal)

पत्र संख्या : ०७९/८० मिति : २०८०/०१/१९

चलानी नं. : १८२१

श्री राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड (RULB)
बनेपा, काभ्रेपलाञ्चोक ।

**विषय : सूचीकरण स्थगन गरी स्पष्टिकरण पेश गर्न निर्देशन दिएको सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा तहाँको मिति २०८०/०१/१३ गते वेलुकी ६:०० बजे सञ्चालक समितिको बैठक बसी आ.व. २०७८/०७९ को लाभांश घोषणा सम्बन्धी पत्र मिति २०८०/०१/१९ गते कारोबार समयमा (बिहान ११:४८ बजे) दर्ता नं. ५१६८ मार्फत नेप्सेमा प्राप्त भयो । धितोपत्र सूचीकरण विनियमावली, २०७५ को विनियम २२(१) मा भएको व्यवस्था बमोजिम धितोपत्र मूल्यमा प्रभाव पार्ने सूचना, जानकारी तथा निर्णय सिर्जना भएमा सोही दिन वा भोलिपल्ट कारोबार खुल्नु अघि त्यस्तो सूचना, जानकारी तथा निर्णय सम्बन्धित सूचीकृत संगठित संस्थाले नेप्सेमा पेश गर्नुपर्ने छ भन्ने व्यवस्था रहेकोले उक्त विनियममा भएको व्यवस्था पालना नगरेकोले उक्त विनियमावलीको विनियम १६(१)(ख) मा भएको व्यवस्था अनुरुप मिति २०८०/०१/१९ को निर्णयानुसार उक्त कम्पनीको धितोपत्रको कारोबार स्थगन गरिएको साथै यो पत्र प्राप्त भएको मितिले ३ (तीन) कार्यदिन भित्र के कति कारणबाट समयमानै जानकारी दिन नसकेको हो? सो सम्बन्धमा स्पष्टिकरण पेश गर्न निर्णयानुसार अनुरोध छ ।

**बोधार्थ :**

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाडौं ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं ।
श्रीमान् प्रमुख कार्यकारी अधिकृतज्यूको सचिवालय, नेप्से ।
श्री प्रणाली सञ्चालन शाखा - आ.का.गर्नु हुन, नेप्से ।

भवदीय,

सरिता पाण्डेय
सहायक प्रवन्धक
सूचीकरण शाखा

पो. ब. नं. १५५०, युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ, नेपाल
(P. O. Box 1550, UNI Shantimarg, Bhadrakali, Kathmandu, Nepal)
Tel.: 4250755–59, 4250734–35 Fax: 4262538/Toll Free No. : 16600125025